# स्थानीय राजपत्र


## धुलिखेल नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९) धुलिखेल, असार महिना ११ गते, २०८२ साल (संख्याः १


## भाग १

धुलिखेल नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको (धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०८२) ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन संख्याः १

# धुलिखेल नगरपालिकाको आर्थिक ऐन, २०८२

## धुलिखेल नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** धुलिखेल नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा दस्तुर र शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम धुलिखेल नगरपालिकाको नगर सभाको सत्रौ अधिवेशनले यो ऐन बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ।

२)यो ऐन २०८२ साल श्रावण १ गते देखि धुलिखेल नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**

क)"ऐन" भन्नाले आर्थिक ऐन २०८२ सम्झनुपर्छ ।

ख)"कर अधिकृत" भन्नाले नगरपालिका कार्यालयले कर अधिकृतको काम गर्न जिम्मा दिएको अधिकृत कर्मचारी सम्झनुपर्छ ।

ग) "कर, दस्तुर, महशुल, शुल्क" भन्नाले आर्थिक ऐन बमोजिम नगरपालिकाले निर्धारण गरेको कर, दस्तुर, महशुल, शुल्क आदि सम्झनुपर्छ।

घ) "ठेक्का" भन्नाले आर्थिक ऐन २०८२ बमोजिम आन्तरिक श्रोत संकलनको लागि वोलपत्र, शिलवन्दी दरभाउपत्र मार्फत बन्दोवस्त गरिएको कार्य सम्झनुपर्छ।

ङ) "नगरपालिका कार्यालय" भन्नाले धुलिखेल नगरपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

च) "नगरसभा" भन्नाले धुलिखेल नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

छ)"नगरकार्यपालिका" भन्नाले धुलिखेल नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्छ।

ज) "नगरप्रमुख" भन्नाले धुलिखेल नगरपालिकाको नगरप्रमुखलाई सम्झनुपर्छ।

झ) "प्रदेश कानुन" भन्नाले वागमती प्रदेश सरकारले बनाएको कानुन सम्झनुपर्छ।

ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ट) "वडा कार्यालय" भन्नाले नगरपालिकाको वडा कार्यालयहरु सम्झनुपर्छ ।

ठ) "स्वःघोषणा" भन्नाले करदाताले नगरपालिकालाई बुझाउनुपर्ने करका विषयमा आफ्नो सम्पत्ती तथा व्यवसायको विषयमा आफैले घोषणा गरेको विषय सम्झनुपर्छ।

ड) "संघीय कानुन" भन्नाले नेपाल सरकारले बनाएको कानुन सम्झनुपर्छ ।

३. <u>सम्पत्ति कर:</u> (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरुको एकीकृत रुपमा मूल्याङ्कन गरी अनुसूची -१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। तर गुठी जग्गामा सम्पत्ति कर लगाइने छैन। नक्सा पेश गर्दा निर्माण कार्यको समय तालिका पेश गरी सोही समय तालिका भित्र निर्माण सम्पन्न गर्नु पर्नेछ। पेश गरेको समय तालिकाको आधारमा सम्पत्ति करको गणना गरिनेछ। यदि कसैले नक्सा पेश गरेको भन्दा कम तल्ला निर्माण गरी कार्यालयमा जानकारी गराएमा निर्माण भएको संरचनालाई मात्र मूल्याङ्कनमा समावेश गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करमा जग्गाको मूल्याङ्कन गणना गर्दा अनुसूची -१.१ र भौतिक संरचनाको मूल्याङ्कन गर्दा अनुसूची -१.२ तथा भवनको ह्रास कट्टी अनुसूची -१.३ मा उल्लेख भए बमोजिम गरिनेछ।

३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजारमूल्य समेतका आधारमा कायम गरिनेछ।

४) सम्पत्ति कर संकलन गर्दा घर जग्गा बहाल कर, व्यवसाय कर, सरसफाई शुल्क, विपद् व्यवस्थापन शुल्क र सडक बत्ती शुल्क समेत एकीकृतरुपमा असूल उपर गरिनेछ। साथै यी करहरु चुक्ता नगरेमा नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा दिन कार्यालय वाध्य हुनेछैन ।

४. <u>भूमि कर (मालपोत)</u>: नगरपालिका क्षेत्रभित्र अनुसूची -२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लगाइएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन।

५. <u>घर जग्गा बहाल कर</u>: (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा अनुसूची -३ बमोजिम बहाल कर लगाइने र असुल गरिनेछ। घर जग्गा बहाल कर सम्बन्धमा भाडा निर्धारणको लागि सम्झौता गर्नु पर्नेछ । सम्झौता गर्दा नगरपालिकाले तोकेको न्यूनतम दर भन्दा कम नहुने गरी सम्झौता गर्नु पर्नेछ। यसरी गरिने सम्झौता कम्तिमा ३ महिनाको न्यूनतम अवधिको हुनु पर्ने साथै सोही बमोजिम कर भुक्तानी गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ।

३) बहाल कर नगरपालिकामा दाखिला गर्ने दायित्व घर धनीको हुनेछ । करको दायित्व वहन गर्ने विषय बहालमा लिने दिनेले आपसी समझदारीमा तय गर्न सक्नेछन् ।

४) यस ऐन बमोजिम घर जग्गा बहाल करको प्रयोजनको लागि स्वःघोषणा फारमको व्यवस्था गरिनेछ। स्वःघोषणा प्रतिवेदन कर परीक्षणको सामाग्री बन्न सक्नेछ ।

५) स्वःघोषणा फारम भर्न इन्कार गरेमा वा ढिलाई गरेमा वा पूर्ण विवरण नदिएमा वडा कार्यालय, कर शाखा वा नगर प्रहरीलाई स्थलगत निरीक्षणमा पठाई घर बहालमा रहेको नरहेको यकिन गरिनेछ।

६) बहालमा लगाएको घर जग्गा निश्चित समय खाली रहन गएकोमा त्यस अवधिको कर कट्टि गर्न सकिनेछ। खाली रहेको अवधिको ब्यहोरा वडा कार्यालय वा वडा सदस्यबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

६. <u>बहाल बिटौरी करः</u> (१) नगरपालिकाले आफूले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची -४ बमोजिमको दरमा वहाल विटौरी शुल्क लगाउने र असुल उपर गरिनेछ। बहाल बिटौरी शुल्क उठाउन सक्ने क्षेत्रः

क) आफूले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ।

३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल विटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरिद बिक्री हुने वस्तु तथा सेवा एवंम् कारोवारको आधारमा तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा वोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ।

४) उपदफा (२) र (३) बमोजिम बहाल विटौरीमा दिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

७. <u>सवारी साधन करः</u> (१) नगरपालिका क्षेत्रभित्र संचालन गरिने टाङ्गा रिक्सा, अटो रिक्सा र ई-रिक्सा जस्ता सवारी साधनमा अनुसूची -५ को दरमा कर लगाई संकलन गरिनेछ।

८. <u>पूर्वाधार सेवाको उपयोग लाग्ने करः</u> (१) नगरपालिका क्षेत्रभित्र आफूले निर्माण वा आफूलाई हस्तान्तरण भई आएको सडक, बाटो, ढल प्रयोग तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायातका साधनमा अनुसूची -६ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

२) प्रदेशले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानुनमा तोकिए बमोजिम हुनेछ।

९. <u>मनोरञ्जन कर:</u> (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमाहल, सांस्कृतिक प्रदर्शनहल, थियटर, सङ्गीत, मनोरञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानुनले तोकेबमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ।

२) उप दफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानुन बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ।

१०. <u>विज्ञापन कर:</u> (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची -७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ। नगरपालिकाको स्वीकृति विना कुनै पनि प्रकारका साइनबोर्ड, होडिङ्गबोर्ड राख्न पाइने छैन । स्वीकृत नलिइ यस्तो कार्य गरेमा जरिवाना गरी वा होडिङ्ग बोर्ड हटाउन लगाई वा दुबै कार्य नगरपालिकाले गर्न सक्नेछ ।

३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानुन बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ।

४) यस नगरपालिकामा व्यवसाय दर्ता भएका वा सूचिकृत भएका व्यवसायी/फर्म/बैंक/वित्तीय संस्थाहरुको आफ्नो परिचय खुल्ने ३० वर्ग फिट सम्मको वोर्ड कार्यालय परिसरमा निशुल्क राख्न पाउने छन्। ३० बर्ग फिट भन्दा माथिको हकमा अनुसूचीमा उल्लेखित दरमा व्यवसाय कर लगाई असुल गरिनेछ।

११. <u>जडिबुटी, कवाडी र जीवजन्तु कर:</u> (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनसूची -८ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

१२. <u>सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय:</u> (१) नगरपालिकाको स्वामित्वमा रहेका सरकारी बुलडोजर, व्याकहु लोडर, ट्याक्टर, सक्सन मेसिन, जेटिङ्ग मेशिन

लगायत मेसिनरी औजार प्रयोग गरेबापत प्राप्त हुने भाडा तथा सेवा शुल्क अनुसूची -९ बमोजिम लगाई असुल गरिनेछ।

१३. <u>विक्री तथा निकासी शुल्कः</u> (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानिजन्य वस्तुहरुको विक्री गर्न सक्नेछ।

२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सीमाक्षेत्र वा सीमा बाहिर निकासी वा बिक्री हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासी वा बिक्रीमा शुल्क लगाउन सक्नेछ।

३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने विक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची -१० मा तोकिए बमोजिम हुनेछ ।

४) उपदफा (१) बमोजिमका वस्तुहरु विक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि विक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट गरिने छ। तर घडेरी, कृषि वा अन्य कुनै प्रयोजनको लागि जमिन सम्याउदा निस्केको माटो, ढुंगा, वालुवा आदि प्राविधिक मूल्याङ्कन गरी सोको राजस्व लिई बिक्री/निकासी अनुमती दिन सकिनेछ।

१४. <u>अन्य सेवा शुल्क तथा विक्रीः</u> (१) नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछः

क) खानेपानी, विजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,

ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा,

ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,

घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

च) नगरपालिकाले प्रदान गर्ने सिफारिस सम्बन्धी कुनै सेवा,

छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क।

ज) तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन।

२) हजार सिंढी तथा टुँडिखेल क्षेत्रभित्र प्रवेश तथा स्वदेशी तथा विदेशी चलचित्र छायाङकनमा अनुसूची -११ बमोजिम तथा नगरपालिकाले प्रदान गर्ने सेवामा सेवा शुल्क र दस्तुरको दर अनुसूची -१२ मा उल्लेख भएबमोजिम र सरसफाई शुल्क अनुसूची -१३ वमोजिम लगाईने तथा असुल उपर गरिनेछ।

१५. <u>न्यायिक दस्तुरः</u> (१) नगरपालिकाको न्यायिक समितिबाट सम्पादन हुने न्यायिक कार्य गर्दा लिइने कोर्ट-फी, बक्सौनी दस्तुर, नक्कल दस्तुर राजश्व अनुसूची -१४ बमोजिम लिइनेछ।

१६. <u>परीक्षा दस्तुरः</u> (१) नगरपालिकाबाट लिईने विभिन्न परीक्षा बापतको दस्तुर अनुसूची -१५ बमोजिमको दररेटमा संकलन गरिनेछ।

१७. <u>अन्य प्रशासनिक सेवा शुल्कः</u> (१) नगरपालिकामा पेश गर्ने निवेदन ठेक्का फाराम तथा नक्सा किताव विक्री दस्तुर घ वर्गको इजाजत पत्र आदि प्रमाण पत्र जारी तथा नवीकरण दस्तुर बापतको रकम अनुसूची -१६ बमोजिमको दररेटमा संकलन गरिनेछ।

१८. <u>पार्किङ्ग शुल्कः</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची -१७ मा उल्लेख भएबमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

२)नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन।

३)नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ।

१९. <u>नक्सापास दस्तुरः</u> नगरपालिका क्षेत्र भित्र निर्माण हुने संरचनाको नक्सा पास गर्दा लाग्ने दस्तुर अनुसूची -१८ वमोजिम लगाईने तथा असुल उपर गरिनेछ।

२०. <u>सिफारिस दस्तुरः</u> नगरपालिकाबाट कुनै पनि निकायमा गरिने सिफारिस तथा प्रदान गरिने सेवा बापत उठाइने दस्तुर अनुसूची -१९ वमोजिम लिइनेछ।

२१. <u>ब्यक्तिगत घटना दर्ता दस्तुरः</u> जन्म, मृत्यु, बसाईसराई, बिवाह, र सम्बन्धविच्छेद जस्ता ब्यक्तिगत घटना, घटना घटेको ३५ दिन भित्रमा दर्ता गरेमा निशुल्क गरिनेछ। घटना घटेको ३५ दिन पछि घटना दर्ता गर्न आएमा अनुसूची -२० वमोजिम शुल्क लिइनेछ।

२२. <u>नाता प्रमाणित दस्तुरः</u> नगरपालिकाले गरिने नाता प्रमाणितमा अनुसूची -२१ वमोजिम शुल्क लिइनेछ।

२३. <u>अन्य दस्तुरः</u> नगरपालिकाले प्रदान गरिने माथि उल्लेखित वाहेकका अन्य प्रकारका सिफारिस तथा प्रमाणितमा अनुसूची-२२ वमोजिम अन्य दस्तुर लिइनेछ।

२४. <u>व्यावसाय रजिष्ट्रेशन दस्तुरः</u> नगरपालिका भित्र संचालन गरिने व्यवसायको रजिष्ट्रेशन तथा नवीकरणमा अनुसूची -२३ वमोजिम दस्तुर लिइनेछ।

२५. <u>रेडियो/एफ.एम. सञ्चालन दस्तुरः</u> रेडियो/एफ.एम. सञ्चालनको लागि अनुमति तथा नवीकरण गर्दा अनुसूची -२४ वमोजिम दस्तुर लिइनेछ।

२६. <u>दण्ड जरिवानाः</u> नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानुनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा अनुसूची -२५ बमोजिम हुनेछ।

२७. <u>व्यवसाय करः</u> (१) नगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यापार, व्यवसाय क्षेत्रको पूँजीगत लगानी र बार्षिक आर्थिक कारोवारका आधारमा तथा अन्य ब्यवसाय वा

सेवामूलक व्यवसायको एक मुष्ट विधी वा अन्य तरिकाबाट गणना गरी अनुसूची -२६ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। यसरी व्यवसाय कर असुल गर्दा व्यवसायको नवीकरण शुल्क तथा सरसफाई शुल्क समेत गणना गरी एक मुष्ट रुपमा असूल गरिनेछ । व्यवसाय कर, नवीकरण तथा सरसफाई शुल्क सम्बन्धमा व्यवसायको बर्गिकरण अनुसूची -२७ बमोजिम हुनेछ।

२) नगरपालिका क्षेत्रभित्र रहेका उद्योग व्यापार, व्यवसाय र सेवामा व्यवसाय संचालन गर्न चाहने व्यक्ति वा संस्थाले नगरपालिका व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रमाण पत्र लिनु पर्नेछ। इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नवीकरण गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईनेछैन।

४) उपदफा (२) बमोजिमको स्व-घोषणा पत्रमा आफ्नो घर जग्गा तथा स्वामित्वमा रहेको सम्पत्तिमा व्यवसाय गरी बसेका ब्यवसायीहरुको बिवरण समेत समेट्नु पर्नेछ।

५) आफ्नो घर जग्गामा व्यवसाय गरी बस्ने ब्यवसायीहरुलाई व्यवसाय करको दायरामा ल्याउन सघाउनु हरेक घर जग्गा धनीको कर्तव्य मानिनेछ।

६) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ।

७) करदताले आफ्नो व्यवसाय विक्री गरी व्यवसाय ट्रान्सफर गर्न चाहेमा सो आर्थिक वर्षको कर तिरी व्यवसाय बिक्री वा ट्रान्सफर गर्न सक्नेछ।साथै व्यवसाय बन्द गर्न चाहेमा, बन्द गर्न निवेदन दिएको मिति सम्मको, दामासाहीले व्यवसाय कर लिई व्यवसाय वन्दको पत्र दिन सकिनेछ।

२८. <u>कर छुटः</u> (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन । तर बार्षिक रुपमा तिर्नु पर्ने कर समयमा तिरी सहज सेवा प्रदान गरी नियम सम्मत् छुट लिन चाहने सेवाग्राहीहरु र वातावरण संरक्षण तथा स्थानीय जनतालाई निश्चत प्रतिशतमा रोजगारी प्रदान गर्ने उद्योग/व्यवसायलाई अनुसूची -२८ वमोजिम कर छुट प्रदान गरिनेछ।

२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभको उद्देश्य नराखी संचालन हुने संघ संस्थाहरुलाई सम्पत्ति कर, नक्सा पास दस्तुर, सरसफाई शुल्क जस्ता कर र दस्तुरहरु लगाइनेछ।

४) आय संकलन प्रयोजनको लागि सूचना प्रकाशित गर्दा नै एक मुष्ट रकम बुझाई सम्झौता गर्ने ठेकेदारलाई सूचना बमोजिमको एकमुष्ठ रकम छुट दिईनेछ।

५) विपद, महामारी तथा संकटग्रस्त अवस्था श्रृजना भएमा कार्यालयको सिफारिसमा नगर प्रमुखले औचित्य हेरी कुनै प्रकारको कर वा सोको अंशमा छुट दिन सक्नेछ। त्यस्तो छुटको विवरण नगर सभामा पेश गर्नु पर्नेछ।

६) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकालाई तिर्नुपर्ने बिगत बर्षहरुको कर, शुल्क, महशुल चालु आर्थिक बर्षको पौष मसान्तसम्म तिर्न आएमा जरिवाना रकममा छुट दिईनेछ।

२९. <u>प्रशासकीय पुनरावलोकन र पुनरावेदनः</u> (१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिन सक्नेछ।

२) उपदफा (१) बमोजिम परेको निबेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन।

३) उपदफा (१) बमोजिम पुनरालोकनको लागि प्राप्त भएको निवेदन उपर पैतीस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित ब्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ।

४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ।

३०. <u>ठेक्का आह्वान गर्न सक्नेः</u> (१) यस ऐन बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गरी संकलन गर्न सक्नेछ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा तिन वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

२)यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यबस्था मिलाउनु पर्नेछ।

३)नगरपालिकाले सामान्यतया आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

४)नगरपालिकाले कर संकलन गर्न सामान्यतया ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्न सकिनेछ।

५)यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ।

३१. <u>सहयोग गर्नुपर्नेः</u> संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

३२. <u>प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः</u> नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

३३. <u>कर संकलनको लागि सेवा रोक्न सक्नेः</u> (१) नगरपालिकाले निर्धारण गरेको कर तोकिएको समयमा दाखिला नगरेमा नेपाली नागरिकताको प्रमाण पत्र लिने सिफारिस बाहेकका अन्य सवै सेवा प्रवाह रोक्का गरी कर संकलन गर्न सकिनेछ ।

२)नगरपालिकामा विभिन्न प्रकारका कर तथा शुल्क भुक्तानी गर्नुपर्ने दायित्व भएको व्यक्तिले अन्य कर भुक्तानी नगरी सम्पत्ति कर तिर्न नपाउने गरी सेवा रोक्का गर्न सकिनेछ।

३)सेवा प्रवाहको मुख्य थलो वडा कार्यालय भएको कारणले नगरस्तरीय कर चुक्ताको प्रमाण कागज संलग्न नभए सम्म वडा कार्यालयले सेवा प्रवाह गर्ने छैनन् । कर असुली र कर प्रशासनमा सघाउनु वडा अध्ययक्ष तथा वडा कार्यालयको कर्तब्य हुनेछ ।

३४. <u>नगरस्तरीय कर चुक्ता प्रमाण पत्र जारी गर्ने:</u> (१) नगरपालिकामा दर्ता भै व्यवसाय गर्ने करदाताहरुलाई नेपाल सरकारको कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र लिनु पूर्व नगरपालिकाबाट कर चुक्ताको प्रमाण पत्र लिनु पर्ने व्यवस्था गरिनेछ । यस प्रयोजनको लागि सम्बन्धित कर कार्यालयलाई नगरपालिकाबाट कर चुक्ता प्रमाण पत्र प्राप्त भए पछि मात्र त्यहाँबाट त्यस्तो प्रमाण पत्र जारी गर्ने गरी व्यवस्थापन गर्न अनुरोध गरिनेछ।

२)नगरपालिका क्षेत्रमा दर्ता भै व्यवसाय गर्ने संस्थालाई कर चुक्ताको प्रमाण पत्र पेश नगरेमा त्यस्तो संस्थासँग नगरपालिककाले कुनै आर्थिक कारोवार गर्ने छैन।

३)आर्थिक वर्षको असोज मसान्त सम्ममा सेवा दिदा कर चुक्ता प्रमाण पत्र आवश्यक पर्ने छैन। यसै गरी पौष मसान्त सम्मको हकमा म्याद थपको पत्र पेश भएमा, कर चुक्ताको प्रमाण-पत्र अनिवार्य गरिने छैन। तत् पश्चात् सेवा प्रवाह गर्दा कर चुक्ता प्रमाण-पत्र अनिवार्य आवश्यक पर्नेछ।

४)प्रस्तुत दफाको प्रयोजनको लागि ब्यक्तिगत स्वमित्वमा रहेको घर जग्गाको सम्पत्ति कर तिरेको रसिदलाई कर चुक्ता प्रमाण-पत्रको रुपमा मान्यता दिइनेछ।

३५. <u>किस्तामा कर तिर्न सकिने:</u> १) नगरपालिकाबाट निर्धारण भएको कर, करदाताको अनुरोधमा २ वा ३ किस्तामा तिर्नु पर्ने गरी कायम गर्न सकिनेछ।

३६. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

३७. <u>करदाताको पहिचान तथा दर्ता :</u> १) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ।

२) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर एकाईलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ।

३८. <u>करदाताको दायित्वः</u> यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

ख) निर्धारित समयमा व्यवसायको विवरण पेश गर्ने,

ग) निर्धारित समयमा कर रकम दाखिला गर्ने,

घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनुपर्ने भए समयमा बुझाउने,

ङ) व्यवसायको हिसाव किताब र अभिलेख दुरुस्त राख्ने

च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने,

छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने।

३९. <u>करदाताको अधिकारः</u> १) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

क) सम्मानपूर्वक व्यवहारको अधिकार,

ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखा परीक्षक नियुक्त गर्ने अधिकार,

ङ)कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

२)करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ।

४०. <u>विवरण दाखिला गर्न आदेश दिन सक्नेः</u> १) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ| त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ।

४१. <u>विवरण सच्याउन सकिनेः</u> यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्ने छ।

४२. <u>कर दाखिला गर्नुपर्नेः</u> १) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ।

२)यस ऐन बमोजिम अग्रिम कर कट्टी गरि दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

४३. <u>कर दाखिलाको निस्सा दिनु पर्नेः</u> करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।त्यस्तो निस्सा पत्र, एसएमएस जुनसुकै माध्यमबाट दिन सकिनेछ।

४४. <u>कर फिर्ता सम्बन्धी व्यवस्थाः</u> (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

२)उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

४५. <u>कर समायोजन सम्बन्धी व्यवस्थाः</u> १) करदाताले दफा ३४ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

२)उपदफा (२) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

४६. <u>उजुरी नलाग्नेः</u> यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

४७. <u>पुनरावेदन दिन सक्ने</u>ः १) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा उजुरी परेको मितिले ६० (साठी) दिन भित्र चित्त नबुझ्ने पक्षले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

२)जिल्ला अदालतले गरेको निर्णय चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन दिन सकिने छ।

४८. <u>अदालतलाई भए सरहको अधिकार हुनेः</u> यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

४९. <u>आदेश वा निर्देशन दिन सक्नेः</u> संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धी कानुन र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यपालिकाको कर्तव्य हुनेछ।

५०. <u>पुरस्कृत गर्न सक्नेः</u> १) नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानुनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र

कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष सम्मान गर्ने व्यवस्था गर्न सक्ने छ।

२)उपदफा (१) बमोजिम दिइने सम्मान सम्बन्धी अन्य व्यवस्था धुलिखेल नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

५१. <u>कर परीक्षण र कर निर्धारणः</u> १) यस ऐन वमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

क)खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा।

ख)गलत वा झुट्टा कागजात/ विवरण संकलन गरेको देखिएमा |

ग) यथार्थ कारोवार नदेखिएको विश्वास गर्नु पर्ने कारण भएमा |

घ) कारोवारका आधारमा करको दायित्व कम देखिएमा |

ङ) करको दर फरक पारेकोमा |

च) कानुन वमोजिम कर- छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा।

२)उपदफा(१) वमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

३)उपदफा (२) वमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

४)कर अधिकृतले उपदफा (३) वमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानुन वमोजिम कर निर्धारण गर्नु पर्नेछ।

५)स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ।

५२. <u>कर निर्धारणको सूचनाः</u> (१) यस ऐन वमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

२)यस ऐन वमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ।

३)उपदफा (१) वमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ |

५३. <u>कर संकलन सम्बन्धी व्यवस्थाः</u> १) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एक भन्दा बढी तरिका वमोजिम कर असुल गर्न सक्नेछ।

क)करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर |

ख)नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताको रकमबाट कट्टा गर्न लगाएर।

ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नु पर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर|

घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर।

ङ) करदाताको कारोवार रोक्का गरेर।

च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर।

छ)करदाताको सम्पत्ति एकैपटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर।

२)उपदफा (१) को खण्ड (६) बमोजिम लिलामको कारवाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन वाँकी कूल रकमको थप ५ प्रतिशत शुल्क सहित असुल गरिनेछ।

३)लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भए जति रकम ६० (साठी) दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

४)उपदफा (३) वमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

५४. जरिवाना लाग्नेः यस ऐन पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ।

५५. ब्याज लाग्नेः यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत ब्याज लाग्नेछ।

५६. अभिलेख नराखेमा शुल्क लाग्नेः यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तब्य भएका करदाताले अभिलेख नराखेमा रु.१०००/- शुल्क लाग्नेछ।

५७. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने : यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००।- शुल्क लाग्नेछ।

५८. झुट्टा विवरण दिएमा शुल्क लाग्नेः यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ।

५९. ब्याज नलाग्नेः यस ऐन बमोजिम लाग्ने शुल्क ब्याज र जरिवानामा पुनः ब्याज लाग्ने छैन।

६०. कागजातको ढाँचाः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपर्युक्त देखिएमा नगरपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्ने छ।

२)उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि नगरपालिकाको कार्यालयको सूचना पाटी, वेबसाइट र स्थानीय पत्र पत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिने छ।

६१. सूचना तामेली रीत पुगेको मानिनेः (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाएमा वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ।

क)सम्बन्धित व्यक्तिलाई नै बुझाएको

ख)निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

ग)नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको

घ) कार्यालय संस्था वा निकायको हकमा प्रवन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको

२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट ईनस्क्रिप्ट वा इनकोड गरिएको, छाप लगाईएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिईएको कागजातलाई रीतपुर्वकको मानिनेछ।

६२. <u>नगदी रसिद रद्द गर्न सक्नेः</u> १) कर दस्तुर संकलन गर्दा काटिएका आम्दानी रसिद रद्द गर्नु पर्ने अवस्था आएमा सम्बन्धित संकलनकर्ताले कारण खुलाई सक्कलै नगदी रसिद संलग्न गरी प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय भएमा रद्द गरी सम्बन्धित ब्यक्तिलाई रकम फिर्ता गर्न सकिनेछ।

२) उपदफा (१) बमोजिम रद्द गरिएका रसिदको विवरण राजश्व शाखाले प्रमाणित गरी राख्नु पर्नेछ।

६३. <u>कार्यविधि बनाउन सक्नेः</u> (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागू हुनेछ।

६४. <u>बाधा अड्काउ फुकाउः</u> (१) यो ऐनको व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउको अधिकार नगर प्रमुखमा रहनेछ। त्यस्तो बाधा अड्काउ फुकाउको बिषय कार्यपालिका मार्फत नगर सभामा पेश हुनेछ।

अनुसूची -१

(ऐनको दफा ३ सँग सम्बन्धित)

सम्पत्ति करको दर

लेखा कोडः ११३१३

| सि.नं. | कर योग्य सम्पत्तिको मूल्य | इकाई | दररेट |
|---|---|---|---|
| १ | रु. १।- देखि ५,००,०००।- सम्म | न्यूनतम एकमुष्ठ | २२०।- |
| २ | ५,००,००१ देखि २०,००,०००- सम्म | न्यूनतम+प्रति लाख | २२।- |

| सि.नं. | कर योग्य सम्पत्तिको मूल्य | इकाई | दररेट |
|---|---|---|---|
| ३ | २०,००,००१।- देखि १,००,००,०००।– सम्म | प्रति लाख | २७।- |
| ४ | १,००,००,००१।- देखि २,००,००,०००।- सम्म | प्रति लाख | ३२।- |
| ५ | २,००,००,००१।- देखि ३,००,००,०००।- सम्म | प्रति लाख | ३७।- |
| ६ | ३,००,००,००१।- देखि ५,००,००,०००।- सम्म | प्रति लाख | ४२।- |
| ७ | ५,००,००,०००।- भन्दा माथि | प्रति लाख | ४७।- |

## अनुसूची -१.१

## धुलिखेल नगरपालिका भित्रका जग्गाको मुल्याङ्कन दर

क) हालको वडा नं. १

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | रवी चमारे छागे अनेकोट सडक | पक्कीसडक/ढलान | ५८,०००।- |
| २ | रवी चमारे छागे अनेकोट सडक | कच्चीसडक | ३०,०००।- |
| ३ | डुडाकोमुख ०कि.मी. देखि देवीटार अनेकोट सडक | पक्कीसडक/ढलान | ५८,०००।- |
| ४ | डुडाकोमुख ०कि.मी. देखि देवीटार अनेकोट सडक | कच्चीसडक | ३०,०००।- |
| ५ | पक्की मोटरबाटो सँग जोडिएका जग्गाहरु | पक्कीसडक/ढलान | ५८,०००।- |
| ६ | कच्ची मोटरबाटो/राजकुलो संग जोडिएका जग्गाहरु | कच्चीसडक | २६,०००।- |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| ७ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटोबाटो | १७,०००।- |
| ८ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६,५००।- |

ख) हालको वडा नं. २

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | बनेपा रविओपी पाँचखाल सडक | पक्कीसडक/ढलान | ६१,०००।- |
| २ | बनेपा रविओपी पाँचखाल सडक | कच्चीसडक | ३९,०००।- |
| ३ | रवीगाउँ कुत्ताल पंचकन्या सडक | पक्कीसडक/ढलान | ६१,०००।- |
| ४ | रवीगाउँ कुत्ताल पंचकन्या सडक | कच्च सडक | ३९,०००।- |
| ५ | पक्की मोटरबाटो सँग जोडिएका जग्गाहरु | पक्कीसडक/ढलान | ६१,०००।- |
| ६ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्चीसडक | ३९,०००।- |
| ७ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटोबाटो | १७,०००।- |
| ८ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ६,५००।- |

ग) हालको वडा नं. ३

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रतिआना मूल्याङ्कन |
|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु - बस पार्क देखि अठ्ठाइस किलो बनेपाको | राष्ट्रियराजमार्ग | ९,३५,०००।- |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| | सिमानासम्म | | |
| २ | पंचकन्या कुत्ताल रवीगाउँ सडक | पक्कीसडक/ढलान | २,४०,०००।- |
| ३ | पंचकन्या कुत्ताल रवीगाउँ सडक | कच्चीसडक | २,००,०००।- |
| ४ | पक्कि मोटरबाटोसँग जोडिएका जग्गाहरु | पक्कीसडक/ढलान | २,४०,०००।- |
| ५ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्चीसडक | १,००,०००।- |
| ६ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटोवाटो | ६०,०००।- |
| ७ | अन्य खेत/पाखा समेत | बाटो नभएको | २१,०००।- |

घ) हालको धुलिखेल वडा नं. ४

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु - बस पार्क देखि अठ्ठाइस किलो बनेपाको सिमानासम्म | राष्ट्रियराजमार्ग | ९,३५,०००।- |
| २ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | राष्ट्रियराजमार्ग | ७,३४,०००।- |
| ३ | पक्कि मोटरबाटोसँग जोडिएका जग्गाहरु | पक्कीसडक/ढलान | ५,३५,०००।- |
| ४ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्चीसडक | २,८१,०००।- |
| ५ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटोबाटो | १,५३,०००।- |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| ६ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ८०,०००।- |

ङ) हालको धुलिखेल वडा नं. ५

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | बनेपा पनौती सडकसँग जोडिएका जग्गाहरु | मुख्य सडक | ७,१६,०००।- |
| २ | पक्कि मोटरबाटोसँग जोडिएका जग्गाहरु | पक्कीसडक/ढलान | ५,३१,०००।- |
| ३ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्चीसडक | २,८१,०००।- |
| ४ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटोबाटो | १,५३,०००।- |
| ५ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ८०,०००।- |

च) हालको धुलिखेल वडा नं. ६

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु - बस पार्क देखि अठ्ठाइस किलो बनेपाको सिमानासम्म | राष्ट्रियराजमार्ग | ९,३५,०००।- |
| २ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | राष्ट्रियराजमार्ग | ७,३४,०००।- |
| ३ | पक्कि मोटरबाटोसँग जोडिएका जग्गाहरु | पक्कीसडक/ढलान | ५,३१,०००।- |
| ४ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका | कच्चीसडक | २,८१,०००।- |
| ५ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटोबाटो | १,५३,०००।- |
| ६ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ८०,०००।- |

छ) हालको धुलिखेल वडा नं. ७

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु -बस पार्क देखि खावासम्म | राष्ट्रियराजमार्ग | ९,३५,०००।- |
| २ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | राष्ट्रियराजमार्ग | ७,३४,०००।- |
| ३ | पक्किमोटरबाटोसँग जोडिएका जग्गाहरु | पक्कीसडक/ढलान | ५,३१,०००।- |
| ४ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्चीसडक | २,८१,०००।- |
| ५ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १,५३,०००।- |
| ६ | अन्य खेत/पाखा समेत | बाटो नभएको | ८०,०००।- |

ज) हालको वडा नं. ८

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | अरनिको राजमार्गसँग जोडिएका जग्गाहरु -बस पार्क देखि खावासम्म | राष्ट्रियराजमार्ग | ४,००,०००।- |
| २ | पिपलबोट- भट्टीडाँडा -काभ्रे भञ्याङ्ग सडक | पक्कीसडक/ढलान | २००,०००।- |
| ३ | पिपलबोट -भट्टीडाँडा काभ्रे भञ्याङ्ग सडक | कच्ची सडक | १,००,०००।- |
| ४ | खावा -वडालगाउँ- सरश्वती मा.वि. हुदै मानेगोठ | पक्की सडक/ढलान | १,००,०००।- |
| ५ | खावा -वडालगाउँ- सरश्वती मा.वि. हुदै मानेगोठ | कच्ची सडक | ४०,०००।- |
| ६ | हात्तीगौडा कामपानी दारिमबोट पात्लेखेत | पक्की सडक/ढलान | १,००,०००।- |
| ७ | हात्तीगौंडा- कामपानी- दारिमबोट- | कच्ची सडक | ४०,०००।- |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| | पात्लेखेत | | |
| ८ | खावा- शिखरकटेरी- ठूलीटार- कल्छे सडक | पक्की सडक/ढलान | १,००,०००।- |
| ९ | खावा – शिखरकटेरी- ठूलीटार- कल्छे सडक | कच्ची सडक | ४०,०००।- |
| १० | पक्की मोटरबाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १,००,०००।- |
| ११ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्ची सडक | ४०,०००।- |
| १२ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १५,०००।- |
| १३ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- |

झ) हालको वडा नं. ९

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | वि.पी. राजमार्गसँग जोडिएका जग्गाहरु | राष्ट्रिय राजमार्ग | १६०,०००।- |
| २ | काभ्रेभञ्ज्याङ्ग पात्लेखेल नमोबुद्ध सडक | मुख्य सडक | १,५०,०००।- |
| ३ | काभ्रेभञ्ज्याङ्ग भट्टीडाँडा पिपलबोट सडक | पक्की सडक/ढलान | १,००,०००।- |
| ४ | काभ्रेभञ्ज्याङ्ग भट्टीडाँडा पिपलबोट सडक | कच्ची सडक | ६०,०००।- |
| ५ | वि.पि राजमार्ग - ठूलीटार - अरनीको राजमार्ग सडक | पक्की सडक/ढलान | १,००,०००।- |
| ६ | वि.पि राजमार्ग- ठूलीटार- अरनीको | कच्ची सडक | ४०,०००।- |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| | राजमार्ग सडक | | |
| ७ | खावा- शिखरकटेरी- ठूलीटार- कल्छे सडक | पक्की सडक/ढलान | १,००,०००।- |
| ८ | खावा -शिखरकटेरी- ठूलीटार- कल्छे सडक | कच्ची सडक | ४०,०००।- |
| ९ | पक्की मोटरबाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १,००,०००।- |
| १० | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्ची सडक | ४०,०००।- |
| ११ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १९,०००।- |
| १२ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- |

ञ) हालको वडा नं. १०

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | वि.पि. राजमार्गसँग जोडिएका जग्गाहरु | राष्ट्रिय राजमार्ग | १६८,०००।- |
| २ | वि.पि. राजमार्ग- शारदाबतासे- शंखु- नमोवुद्ध सडक | पक्की सडक/ढलान | १०००००।- |
| ३ | वि.पि. राजमार्ग- शारदाबतासे- शंखु- नमोवुद्ध सडक | कच्ची सडक | ६०,०००।- |
| ४ | इँट्टे- फसकोट- काभ्रेभञ्याङ्ग सडक | पक्की सडक/ढलान | १०००००।- |
| ५ | इँट्टे -फसकोट- काभ्रेभञ्याङ्ग सडक | कच्ची सडक | ६०,०००।- |
| ६ | पक्की मोटरबाटो सँग जोडिएका जग्गाहरु | पक्की | १००,०००।- |

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| | | सडक/ढलान | |
| ७ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्ची सडक | ४०,०००।- |
| ८ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | २३,०००।- |
| ९ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- |

ट) हालको वडा नं. ११

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | वि.पि. राजमार्गसँग जोडिएका जग्गाहरु | राष्ट्रिय राजमार्ग | १६८,०००।- |
| २ | काभ्रेभञ्याङ्ग- पात्लेखेल- नमोबुद्ध सडक | मुख्य सडक | १५०,०००।- |
| ३ | वि.पि. राजमार्ग- ठूलीटार- अरनीको राजमार्ग सडक | पक्की सडक/ढलान | १,००,०००।- |
| ४ | वि.पि. राजमार्ग- ठूलीटार- अरनीको राजमार्ग सडक | कच्ची सडक | ५७,०००।- |
| ५ | पात्लेखेत -दारिमबोट- कामपानी हात्तीगौडा | पक्की सडक/ढलान | १,००,०००।- |
| ६ | पात्लेखेत -दारिमबोट- कामपानी- हात्तीगौडा | कच्ची सडक | ५७,०००।- |
| ७ | कल्छे- ठूलीटार- शिखरकटेरी- खावा सडक | पक्की सडक/ढलान | १,००,०००।- |
| ८ | कल्छे- ठूलीटार- शिखरकटेरी- खावा सडक | कच्ची सडक | ५७,०००।- |
| ९ | पक्की मोटरबाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १,००,०००।- |

| | | | |
|---|---|---|---|
| १० | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्ची सडक | ५७,०००।- |
| ११ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १९,०००।- |
| १२ | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- |

ठ) हालको वडा नं. १२

| सि.नं. | जग्गा तथा सडकको विवरण | सडकको किसिम | प्रति आना मूल्याङ्कन |
|---|---|---|---|
| १ | सुन्थान- शंखु -नमोबुद्ध सडक | पक्की सडक/ढलान | १००,०००।- |
| २ | सुन्थान- शंखु- नमोबुद्ध सडक | कच्ची सडक | ६०,०००।- |
| ३ | सुन्थान- इँट्टे- पाटीचौर सडक | पक्की सडक/ढलान | १००,०००।- |
| ४ | सुन्थान -इँट्टे -पाटीचौर सडक | कच्ची सडक | ६०,०००।- |
| ५ | वि.पि. राजमार्ग- शारदाबतासे- शंखु- नमोवुद्ध सडक | पक्की सडक/ढलान | १०००००।- |
| ६ | वि.पि. राजमार्ग- शारदाबतासे- शंखु- नमोवुद्ध सडक | कच्ची सडक | ६०,०००।- |
| ७ | पक्की मोटरबाटो सँग जोडिएका जग्गाहरु | पक्की सडक/ढलान | १००,०००।- |
| ८ | कच्ची मोटरबाटो/राजकुलो सँग जोडिएका जग्गाहरु | कच्ची सडक | ४०,०००।- |
| ९ | गोरेटो बाटोसँग जोडिएका जग्गाहरु | गोरेटो बाटो | १५,०००।- |
| १० | अन्य खेत/पाखा समेत | बाटो नभएको | १०,०००।- |

अनुसूची -१.२

धुलिखेल नगरपालिका भित्र निर्माण भएका संरचनाको मूल्याङ्कन दर

| सि.नं. | घरको वर्गीकरण | औद्योगित/ब्यवसायिक/ संस्थागत भवनको मूल्यांकन दर (वर्ग फिट) | आवासीय घरको मूल्यांकन दर (वर्ग फिट) |
|---|---|---|---|
| १ | स्टिल फ्रेम स्ट्रक्चर भएका ठुला भवन | २०००।- | २०००।- |
| २ | भवन ऐन वमोजिम "क" वर्गको भवनहरु | १८००।- | १८००।- |
| ३ | आर.सि.सि. फ्रेम स्ट्रक्चर | १५००।- | १४००।- |
| ४ | १४ फिट भन्दा अग्ला ट्रस्टहरु | १२००।- | - |
| ५ | सिमेन्टको जोडाई, आर.सि.सि. छाना भएको | १२००।- | १२००।- |
| ६ | सिमेन्टको जोडाईको जस्ता, टायलको छाना भएको | १०००।- | १०००।- |
| ७ | माटोको जोडाइ जस्ता वा टायलको छाना | ८००।- | ८००।- |
| ८ | ईटा वा ब्लकले बनेको सेड वा कच्ची घर | ६००।- | ६००।- |

## अनुसूची -१.३

भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि, भवनको बनौट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति (Straight Line Method) अनुसार निम्न बमोजिम गरिनेछ।

| सि.न. | भवनको प्रकार/बनोट | कवाडी मुल्य | बार्षिक ह्रास कट्टी दर | ह्रासकट्टी अवधि |
|---|---|---|---|---|
| १ | स्टिल फ्रेम स्ट्रक्चर भएका ठुला भवन | २०% | १.६ % | ५० वर्ष |
| २ | भवन ऐन वमोजिम 'क' वर्गको भवनहरु | ५% | ०.९५ % | १०० वर्ष |
| ३ | आर.सि.सि. फ्रेम स्ट्रक्चर | ५% | १.२७ % | ७५ वर्ष |
| ४ | १४ फिट भन्दा अग्ला ट्रस्टहरु | २० % | १.६ % | ५० वर्ष |
| ५ | सिमेन्टको जोडाई, आर.सि.सि. छाना | ५% | १.९ % | ५० वर्ष |
| ६ | सिमेन्टको जोडाइ जस्ता वा टायलको छाना | ५% | १.९ % | ५० वर्ष |
| ७ | माटोको जोडाइ जस्ता वा टायलको छाना | १० % | १.८ % | ५० वर्ष |
| ८ | ईटा/ब्लक/काठले बनेको सेड वा कच्ची घर | १० % | १.८ % | ५० वर्ष |

अनुसूची -२

(ऐनको दफा ४ सँग सम्बन्धित)

भूमीकर (मालपोत) दर

लेखा कोडः ११३१४

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| १ | २००९ | साविक धुलिखेल नगरपालिका क्षेत्रभित्रको (वक्यौता मालपोत) | प्रति आना | २०।- |
| २ | २००९ | वडा नं १,२,९,१०,११,र १२, को ग्रामिण क्षेत्र (वक्यौता मालपोत) | प्रति रोपनी | १०।- |

नोटः सम्पत्तिकर साविक धुलिखेल नगरपालिकाको हकमा आ.व २०६०/०६१ देखि र साविक गाउँविकास समितिको हकमा आ.व २०७३/०७४ देखि लागुहुनेछ।

अनुसूची -३

(ऐनको दफा ५ सँग सम्बन्धित)

घर जग्गा बहाल कर

लेखा कोडः ११३२१

धुलिखेल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति/संस्था/फर्मले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना वा जग्गा, पोखरी वा मेसिनरी औजार वा गाडी भाडा बहाल लिदा बहाल रकमको निश्चित प्रतिशतले लिने निम्न बमोजिमको बहाल कर

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| १ | ३००४ | घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर) बहाल कर | बार्षिक | १० प्रतिशत |
| २ | ३००२ | जग्गा वा पोखरीको बहाल कर | बार्षिक | १० प्रतिशत |
| ३ | ३००१ | अन्य बहाल कर | बार्षिक | १० प्रतिशत |

भाडा करको गणना : बहालकर गणना गर्दा धुलिखेल नगरपालिकाले तोकेको न्यूनतम अंक भन्दा वढी कायम गरेको हकमा सम्झौता वा स्वःघोषणामा उल्लेख भए बमोजिम तथा अन्यको हकमा निम्न बमोजिम गणना गरिनेछः

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| १ | अरनिको राजमार्ग र वि पी राजमार्गको दाँया बाँया राजमार्गसंग जोडिएको जग्गामा बनेको स्थायी संरचना (ब्यवसायिक प्रयोग) | प्रति वर्ग फिट मासिक | ३०।- |
| २ | अरनिको राजमार्ग र वि पी राजमार्गको दाँया बाँया राजमार्गसंग जोडिएको जग्गामा बनेको स्थायी संरचना (आवासीय प्रयोग) | प्रति वर्ग फिट मासिक | २०।- |
| ३ | अरनिको राजमार्ग र वि पी राजमार्गको दाँया बाँया राजमार्गसंग जोडिएको जग्गामा बनेको अस्थायी संरचना वा जग्गा (ब्यवसायिक प्रयोग) | प्रति वर्ग फिट मासिक | २०।- |
| ४ | अरनिको राजमार्ग र वि पी राजमार्गको दाँया बाँया राजमार्गसंग जोडिएको जग्गामा बनेको अस्थायी संरचना वा जग्गा (आवासीय प्रयोग) | प्रति वर्ग फिट मासिक | १५।- |
| ५ | अरनिको राजमार्ग र वि पी राजमार्गको दाँया बाँया राजमार्गसंग जोडिएको बाहेक भित्रि कित्ता र सहरी क्षेत्रमा बनेको संरचना वा जग्गा (२०० मिटर भित्र सम्मको क्षेत्रको ब्यवसायिक प्रयोग ) | प्रति वर्ग फिट मासिक | २५।- |
| ६ | अरनिको राजमार्ग र वि पी राजमार्गको दाँया बाँया राजमार्गसंग जोडिएको बाहेक भित्रि कित्ता र सहरी क्षेत्रमा बनेको संरचना वा जग्गा (२०० मिटर भित्र सम्मको क्षेत्रको आवासीय प्रयोग ) | प्रति वर्ग फिट मासिक | २०।- |

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| ७ | अरनिको राजमार्गको २८ किलो देखि काठमाण्डौ बिश्व विद्यालय गेट सम्म र आसपासका क्षेत्र | प्रति वर्ग फिट मासिक | ३०।- |
| ८ | बि पी राजमार्गको धुलिखेल अस्पताल चोक देखि अस्पताल सम्मको दाया बायाका संरचनाहरु | प्रति वर्ग फिट मासिक | ३५।- |
| ९ | अरनिको राजमार्ग र वि पी राजमार्गको दाया बाया राजमार्गसंग जोडिएको बाहेक भित्रि कित्ता र सहरी क्षेत्रमा बनेको संरचना वा जग्गा (२०० मिटर भन्दा बाहिरको क्षेत्रको आवासीय वा ब्यवसायिक प्रयोग ) | प्रति वर्ग फिट मासिक | १५।- |
| १० | अर्धशहरी क्षेत्र (वडा नं १, २, ३, ८, ९, १०, ११ र १२ का अरनिको राजमार्ग वा वि पी राजमार्ग वा नगरस्तरको बाटोले छोएको वा राजमार्ग वाट २०० मिटर भित्र बाहेकका क्षेत्र) | प्रति वर्ग फिट मासिक | १०।- |

अनुसूची -४
(ऐनको दफा ६ सँग सम्बन्धित)
वहाल बिटौरी शुल्क
लेखा कोडः ११३२२ कोडः ०००६

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| १ | १२०१ | नगरपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचना उपयोग बापत | प्रति वर्ग फिट मासिक | ३०।- |
| २ | १२०२ | अस्थायी पसल बहाल विटौरी कर | प्रतिदिन | ३०।- |
| ३ | १२०३ | नगरपालिका कार्यालय परिसर चौर | प्रति दिन | २५,००।- |

बहाल बिटौरी कर निर्धारः नगरपालिकाको घर पसल टहरा छाप्राको आय ठेक्का तथा डाक बडाबड गर्दा कतिमा सम्झौता हुन्छ सोही बमोजिम असुली गरिनेछ। अस्थायी पसलको हकमा प्रति दिनको दरले असुल गरिनेछ।

अनुसूची -५

(ऐनको दफा ७ सँग सम्बन्धित)

सवारी साधन कर (साना सवारी)

लेखा कोडः ११४५१

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| १ | ३००६ | टाङ्गा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा तथा रुट पर्मिट समेत | बार्षिक | ५५,००।- |

अनुसूची -६

(ऐनको दफा ८ सँग सम्बन्धित)

पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर

लेखा कोडः ११४५२

(क) रवीओपी पाँचखाल सडक, पिपलवोट भट्टीडाँडा सडक, वि पी हाइवे बतासे ईटे सडक बाहेकमा लाग्ने पूर्वाधार उपयोग कर

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| १ | | ट्रक,वस, हेभी ट्र्याक्टर | पटके | ५०।- |
| २ | | मिनिबस, मिनि ट्रक, ट्र्याक्टर | पटके | ३०।- |
| ३ | | निजी कार,जीप,डेलिभरीभ्यान पावर टेलर, टेम्पो | पटके | २०।- |

द्रब्टष्यः एम्बुलेन्स र शववाहनमा उक्त कर नलाग्ने व्यवस्था गरिएको छ ।

(ख) रवीओपी पाँचखाल सडक, पिपलवोट भट्टीडाँडा सडक, वि पी हाइवे बतासे ईटे सडकमा लाग्ने पूवाधार उपयोग कर

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| १ | | हेभी ट्रक टिपर | पटके | ५००।- |

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| २ | | ट्रक,वस, हेभी ट्रयाक्टर | पटके | १००।- |
| ३ | | मिनिबस, मिनि ट्रक, ट्रयाक्टर | पटके | ५०।- |
| ४ | | भाडाका हलुका सवारी साधन | पटके | १००।- |
| ५ | | निजी हलुका सवारी साधन | पटके | २०।- |

द्रब्टष्यः एम्बुलेन्स र शववाहनमा उक्त कर नलाग्ने व्यवस्था गरिएको छ।

(ग) ढल निकास जडान उपयोग कर

| सि.नं. | कोड | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|---|
| १ | ३०१२ | ढल प्रशोधन केन्द्र अवलोकन शुल्क | पटक | २०००।- |
| २ | ३०१० | ढल निकास जडान शेवा शुल्क पुरानो घर | प्रतिघर | ३०००।- |
| ३ | ३००९ | ढल निकास जडान शेवा शुल्क नयाँ घर | प्रतिघर | ५०००।- |
| ४ | ३०११ | अनुमति नलिई पुरानो घरको ढल जडान गर्दा | प्रतिघर | ५०००।- |
| ५ | ३०१३ | स्थायी संरचना शुल्क | प्रति घर | ५०००।- |

अनुसूची -७

(ऐनको दफा १० सँग सम्बन्धित)

विज्ञापन करको दर

लेखा कोडः ११४७२ कोडः ०००८

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| १ | विद्युतीय/डिजीटल होर्डिङबोर्ड | प्रति वर्ग फिट-बार्षिक | २५०।- |
| ३ | डिजीटल डिस्प्लेबोर्ड तथा डिजीटल स्क्रीनबोर्ड | प्रति वर्ग फिट-बार्षिक | २५०।- |
| ४ | पोलब्यानर/फ्लेक्स वोर्ड | प्रति गोटा-बार्षिक | १००।- |
| ५ | होर्डिङबोर्ड, पोलबोर्ड, डी.पी.एस.बोर्ड, | प्रति वर्ग फिट-बार्षिक | ८०।- |

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| | ग्लोसाईनबोर्ड | | |
| ६ | भित्ते लेखन २ बर्ग फिट सम्म | प्रति वर्ग फिट-बार्षिक | ८०।- |
| ७ | फ़्लेक्सप्रिन्ट ब्यानर/कपडा ब्यानर ६ बर्ग फिट सम्म | प्रति गोटा-बार्षिक | २००।- |
| ८ | जुनसुकै स्थानमा व्यवसाय राखी न.पा. क्षेत्र भित्र ब्यानर, कपडा वा अन्य अस्थायी समान प्रयोग गरि बिज्ञापन गरेको हकमा २ मि. भन्दा बढीको लागि प्रतिगोटा | प्रति गोटा-बार्षिक | १०००।- |
| ९ | कार्यक्रम/समारोह/सन्देशमूलक/ जनचेतनामूलक/राजनीति दलको ब्यानर/पर्चा /पमप्लेट/ ब्यानर आदी अनुमति लिई राखेमा | निःशुल्क | निःशुल्क |

नोटः यस नगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायी/फर्म/बैक/वित्तीय संस्थाहरुको आफ्नो परिचय खुलाउने वोर्ड व्यवसाय रहेको परिसरमा राखिएका हकमा एउटा वोर्ड ३० बर्ग फिट सम्मको निःशुल्क, त्यस भन्दा माथिको हकमा सम्बन्धित ब्यवसायीबाट व्यवसाय कर लिदाँका बखत उठाइनेछ।

## अनुसूची -८

(ऐनको दफा ११ सँग सम्बन्धित)

### जडिबुटी, कवाडी, जीवजन्तु करको दर

१. धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामान (लेखा कोडः १४५२९ कोडः ३०४९)

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| १ | फलाम | प्रति के.जी. | ३।- |
| २ | अन्य धातु (पित्तल, तामा आदि) | प्रति के.जी. | १०।- |

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| ३ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रति के.जी. | ३।- |
| ४ | पोलिथिन पाइपका टुक्रा | प्रति के.जी. | २।- |
| ५ | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | ३।- |
| ६ | काँचको धुलो र टुक्रा | प्रति के.जी. | १।- |

२. प्रचलित कानुनले निषेधित गरे बाहेकका पंछिहरुको प्वाँख तथा मरेका वा मारिएका पशुको हाड, सिंग, खुर तथा छाला (लेखा कोडः ११६३२ कोडः ३०४८)

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| १ | पंछिहरुका प्वाँख | प्रति केजि. | २।- |
| २ | हाड | प्रति केजि. | १।- |
